# दशरथचन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

खलंगा, गढी बैतडी
visit nepal 2020
फोन नं. ०९५-५२०१७१
०९५-५२०२४१
E-mail : dnpbaitadi@gmail.com
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७८/७९

### कर्मचारी आवश्यकता सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७८/०६/१९)

संयूक्त राष्टसंघिय जनसंख्याकोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र दशरथचन्द नगरपालिकासँगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरूर यस दशरथचन्द नगरपालिका, बैतडी बीच भएको सम्झौता बमोजिम यस नगरपालिकामा कार्यक्रम सञ्चालन हुने भएको हुँदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**१. सामुदायिक मनोसामाजिक संयोजक–१ जना (महिला)**

**न्यूनतम योग्यता:**
शैक्षिक योग्यता: स्नातकतह उत्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको वा प्रविणता प्रमाणपत्र वाप्लस टु उत्तीर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई कम्तीमा पनि १ वर्षको अनुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र वा प्लस टु उर्त्तिण गरी मानसिक स्वास्थ्य वा मनोसामाजिक सहयोगको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।
उमेर : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव तथा वाञ्छनीय योग्यता:**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसँग मिलेर कामगर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग संयोजन गर्न सक्ने ।
- अन्तर व्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको ।
- पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरु सँग समन्वय गरी कामगर्न सक्ने क्षमता भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृया वारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS ExcelतथाPower Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।

**२. सामुदायिक मनोसामाजिक कार्यकर्ता : ५जना (महिला)**

- शैक्षिक योग्यता : एसईई वा सो सरह उत्तीर्ण गरेको ।
- उमेर : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

...बहादुर बिष्ट
अधिकृत छैठौं
प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

# दशरथचन्द नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा, गढी बैतडी

visit nepal 2020

फोन नं. ०९५-५२०१७१
०९५-५२०२४१
E-mail : dnpbaitadi@gmail.com
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- २०७८/७९

**योग्यता :**

- कम्तीमा पनि १२ कक्षा उत्तीर्ण गरी मनोपरामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुवाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ ।
- मनोपरामर्शमाPGD वा मनोविज्ञान/मनोपरामर्शमा स्नातक गरेकोले प्राथमिकता दिईने छ ।
- कम्तिमा २ वर्ष मनोसामाजिक सहयोगको क्षेत्रमा समुदायमाकाम गरेको गरेको हुनुपर्नेछ । मनोपरामशकर्ता भई लैङ्गिकतथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग पुर्‍याउने काममा सहयोग गरेकालाई प्राथमिकता दिईने छ)
- मामला व्यवस्थापनमा कार्य गरेको अनुभव भएको
- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीपभएको ।
- आफुले मनोपरामर्श सेवादिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीपभएको ।
- स्थानीय सरकार, एकद्बार संकट व्यवस्थापन केन्द्र, सुरक्षा वास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघ सस्थाहरुसँग कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।

**पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :**

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवकाप्रतिलिपि १ थान ।

योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र (उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समय भित्र यस नगरपालिकाको राजश्व शाखावाट रु.५००। तिरी सो को भौचर उपर्युक्त कागजात तथा व्यक्तिगत विवरण (बायोडाटा) सहित निम्न ठेगानामा बुझाउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

**निम्न**
दशरथचन्द नगरपालिकाको कार्यालय
प्रशासन शाखा ।
थप जानकारीका लागि : ९८५८७८१४२४

राज बहादुर बिष्ट
अधिकृत छैठौं
प्रशासन शाखा प्रमुख

Scanned with CamScanner

दशरथचन्द नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, गढी बैतडी

फोन नं. ०९५-५२०१७१
०९५-५२०२४१
E-mail : dnpbaitadi@gmail.com
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :- २०७८/७९

अनुभवएवं वाञ्छनीय योग्यता

- १२ कक्षा उत्तीर्ण गरेकालाई प्राथमिकता दिइनेछ ।
- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमाकाम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची राख्ने ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रो सँग वहन गर्न कटिवद्ध रहने ।
- स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानीय स्तरमा क्लव, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा कामगर्ने संस्था, स्वास्थ्य संस्थातथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थावाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।

<u>पदः मामला व्यवस्थापकः २ जना (महिला)</u>

कामको मूख्य जिम्मेवारीः

- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई एकद्धार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरु सँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदाय स्तरमा नै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्धारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीपसिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावित हरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसावाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट व्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई सम्प्रेशन गर्ने ।
- पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्धार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले राख्ने । यस्तो केन्द्रबाट उपलब्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

राज बहादुर सिंह
अधिकृत छैठौं
प्रशासन शाखा प्रमुख

Scanned with CamScanner